म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- १२६ २०७९ चैत १६ गते बिहीबार 30 March 2023, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

## प्रदेश योजना आयोगको उपाध्यक्षमा प्रा.डा. थापा

हेटौंडाः बागमती प्रदेशको नीति तथा योजना आयोगको उपाध्यक्षमा सिन्धुली जिल्लाका प्रा.डा. नरबिक्रम थापा नियुक्त हुनुभएको छ। बुधबार बसेको प्रदेश मन्त्रीपरिषद् बैठकले थापालाई आयोगको उपाध्यक्ष नियुक्त गर्ने निर्णय गरेको हो।

यस्तै प्रदेश सरकारको प्रवक्ताको जिम्मेवारी आन्तरिक मामिला तथा कानून मन्त्री गंगा नारायण श्रेष्ठलाई दिने निर्णय पनि बुधबारको मन्त्रीपरिषद् बैठकले गरेको छ। प्रदेश सरकारले २०८० बैशाख १ गतेबाट मातहतका सरकारी कार्यालयहरुमा विद्युतीय हाजिरी लागू गर्ने निर्णय गरेको छ भने न्वागी र लदी पर्वको अवसरमा समुदायगत रुपमा बिदा दिने निर्णय गरेको छ।

# बागमतीबाट एक लाख बढी परीक्षार्थी एसईईमा

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशबाट यस वर्ष एक लाखभन्दा बढी परीक्षार्थी माध्यमिक शिक्षा परीक्षा (एसईई)मा सहभागी हुने भएका छन्। भोलि शुक्रबारदेखि सञ्चालन हुने एसईईमा एक लाख एक हजार ७ सय ३३ जना परीक्षार्थी सहभागी हुने भएका हुन्।

प्रदेशका १३ जिल्लामध्ये काठमाडौंबाट सबैभन्दा बढी र रसुवाबाट सबैभन्दा कम परीक्षार्थी सहभागी हुँदैछन्। काठमाडौंबाट ३६ हजार ५ सय ७७ जना र रसुवाबाट ६ सय २८ जना विद्यार्थी एसईईमा सहभागी हुने भएका हुन्।

बागमती प्रदेशको भक्तपुरबाट ५ हजार ८ सय जना र ललितपुरबाट ९ हजार ८ सय ९९ जना परीक्षार्थी सहभागी हुनेछन्। काभ्रेपलाञ्चोकबाट ६ हजार ४ सय ३६ र सिन्धुपाल्चोकबाट ३ हजार ९ सय ८५ जना परीक्षार्थी एसईईमा सहभागी हुँदैछन्। यस्तै, नुवाकोटबाट ४ हजार ३ सय जना, रसुवाबाट ६ सय २८ जना, धादिङबाट ५ हजार ३ सय ८६ जना, मकवानपुरबाट ६ हजार ३ सय ३३ जना, चितवनबाट १० हजार ८ सय ५६ जना परीक्षार्थी सहभागी हुँदैछन्। रामेछापबाट ३ हजार २ सय २५ जना, दोलखाबाट ३ हजार ६२ जना, सिन्धुलीबाट ५ हजार २ सय ४१ जना परीक्षार्थी एसईई परीक्षामा सहभागी हुँदैछ।

काठमाडौंमा एक सय २३, भक्तपुरमा २३, ललितपुरमा ३५ वटा परीक्षा केन्द्र रहेका छन्। यस्तै, काभ्रेपलाञ्चोकमा ४०, सिन्धुपाल्चोकमा २४, नुवाकोटमा २४, रसुवामा ५, धादिङमा २८, मकवानपुरमा २५, चितवनमा ४२, रामेछापमा २२, दोलखामा १९ र सिन्धुलीमा २६ वटा परीक्षा केन्द्र तोकिएको छ। काठमाडौंमै सबैभन्दा बढी एक सय २३ वटा परीक्षा केन्द्र तोकिएको भने रसुवामा सबैभन्दा कम ५ वटा परीक्षा केन्द्र तोकिएको छ।

बागमती प्रदेशमा ४ सय ३४ वटा परीक्षा केन्द्र तोकिएको छ। केन्द्राध्यक्ष ४ सय ३४ जना, सहायक केन्द्रध्यक्ष ७ सय ३७ जना, निरीक्षक ५ हजार ८६ जना, परीक्षा सहायक १ हजार ६४ जना, कार्यालय सहयोगी २ हजार ५५ जना र सुरक्षाकर्मी ६ हजार ५ सय १० जना एसईई परीक्षामा खटिने बागमती प्रदेशको शिक्षा विकास निर्देशनालय हेटौंडाले बुधबार प्रेस विज्ञप्तिमार्फत् जानकारी दिएको छ। निर्देशनालयका अनुसार १५ हजार ८ सय ८६ जना जनशक्ति एसईई परीक्षाका खटिनेछन्। काठमाडौंमा १ हजार ८ सय ४५ जना, भक्तपुरमा ३ सय ४५, ललितपुरमा ५ सय २५, काभ्रेपलाञ्चोकमा ६ सय, सिन्धुपलाञ्चोकमा ३ सय ६०, नुवाकोटमा ३ सय ६०, रसुवामा ७५, धार्दिङमा ३ सय ९०, मकवानपुरमा ३ सय ७५, चितवनमा ६ सय ३०, रामेछापमा ३ सय ३०, दोलखामा २ सय ८५, सिन्धुलीमा ३ सय ९० सुरक्षाकर्मी खटिने जनाएको छ।

काठमाडौंमा १ हजार ८ सय २९ जना, भक्तपुरमा २ सय ९०, ललितपुरमा ४ सय ९५, काभ्रेपलाञ्चोकमा ३ सय ३२, सिन्धुपलाञ्चोकमा एक सय ९९, नुवाकोटमा २ सय १५, रसुवामा ३१, धार्दिङमा २ सय ६९, मकवानपुरमा ३ सय १७, चितवनमा ५ सय ४३, रामेछापमा एक सय ६१, दोलखामा एक सय ५३, सिन्धुलीमा २ सय ६२ जना परीक्षा निरीक्षक खटिनेछन्। बिहान ८ बजेदेखि सञ्चालन हुने एसईई परीक्षाका लागि प्रदेशभित्रका सबै जिल्लाका परीक्षा केन्द्रहरुमा उत्तरपुस्तिका पुऱ्याइसकिएको जनाइएको छ।

यस्तै, परीक्षा केन्द्र नजिक रहेको प्रहरी चौकीमा प्रश्नपत्र पुगिसकेको, केन्द्राध्यक्ष नियुक्ति गरी अभिमुखीकरण कार्यसमेत गरी परीक्षासम्बन्धी पूर्वतयारीको सम्पूर्ण कार्य सम्पन्न गरिसकिएको जनाइएको छ। २९ गतेसम्म सञ्चालन हुने परीक्षामा परीक्षालाई मर्यादित, भयरहित, निर्धक्करुपमा परीक्षा दिने वातावरण निर्माण गर्न अभिभावक, विद्यालयलाई आग्रह गरिएको छ। स्वास्थ्यमा सुरक्षा व्यवस्थापनका लागि नर्सलाई समेत व्यवस्थापन गर्न आग्रह गरिएको छ।

# फागुनसम्म १७८ जना लैंगिक हिंसा पीडित

समाज संवाददाता


हेटौंडाः चालु आर्थिक वर्षको फागुन मसान्तसम्म मकवानपुर जिल्लामा १७८ जना लैंगिक हिंसामा परेका छन्। हेटौंडा अस्पतालको लैंगिक हिंसासम्बन्धी एकद्वार संकट व्यवस्थापन केन्द्रको तथ्यांकअनुसार ८ महिनामा १६६ जना महिला, १० जना पुरुष र २ जना अन्य व्यक्ति लैंगिक हिंसामा परेका हुन्।

केन्द्रको तथ्यांकअनुसार चालु आर्थिक वर्षको पहिलो ८ महिनामा जबरजस्ती करणी हिंसामा परेका ३६ जना छन्। साउनमा ५, भदौमा ५, असोजमा ४, कार्तिकमा २, मंसिरमा ११, पौसमा २, माघमा ३ र फागुनमा ४ जना हिंसामा परेका छन्। यौनजन्य हिंसामा पर्नेको संख्या ९ जना छ। साउन, भदौ र मंसिरमा २–२ जना यौनजन्य हिंसामा पर्दा असोज, माघ र फागुनमा एक–एकजना हिंसामा परेका छन्। कार्तिक र पुसमा यौनजन्य हिंसामा पर्नेको संख्या शून्य रहेको हेटौंडा अस्पतालकी स्टाफ नर्स पूजा ओझाले बताउनुभयो।

चालु आर्थिक वर्षको साउनदेखि फागुनसम्म ६४ जना शारीरिक हिंसामा परेका छन्। साउन, भदौ र फागुनमा १०–१० जना, असोज र माघमा ३–३ जना, कार्तिकमा ८ जना, मंसिरमा १३ जना, पुसमा ७ जना गरी ६४ जना शारीरिक हिंसामा परेका छन्। यसै अवधिमा जबरजस्ती विवाह र बालविवाहका घटनामा पर्ने १५ जना रहेका छन्। अस्पतालको संकट व्यवस्थापन केन्द्रको तथ्यांक अनुसार साउन महिनामा ४ जना, भदौ र माघमा २–२ जना जबरजस्ती र बालविवाहमा परेका छन्। यस्तै, असोज, कार्तिक, पुस र फागुनमा एक–एक जना एवम् मंसिरमा ३ जना गरी १५ जना जबरजस्ती विवाह वा बालविवाह हिंसामा परेको ओझाले जानकारी दिनुभयो।

साउनदेखि असोजसम्म १६ जना घरेलु हिंसामा परेको तथ्यांक छ। यस्तै, कार्तिकमा एक जना, मंसिर, माघ र फागुनमा ४–४ जना र पुसमा २ जना घरेलु हिंसामा परेका छन्। साउनदेखि असोजसम्म भने कुनै प्रकारको घरेलु हिंसा नभएको केन्द्रको तथ्यांक छ। यस्तै, मानसिक हिंसामा साउनमा १ जना, भदौदेखि कार्तिकसम्म ०, मंसिरदेखि माघसम्म एक–एक जना र फागुनमा २ जना गरी ६ जना परेका ओझाले जानकारी दिनुभयो। अन्य हिंसामा पर्नेहरु साउनमा ५ जना, भदौमा ८ जना, असोजनमा एक जना, कार्तिकमा ४ जना, मंसिर र पुसमा २–२ जना, माघमा ९ जना र फागुनमा ८ जना गरी ३९ जना रहेका छन्।

गाउँपालिका क्षेत्रमा साउनमा ७, भदौमा १३, असोजमा ६, कार्तिकमा ६, मंसिरमा १०, पुसमा ७, माघमा १२ र फागुनमा ८ गरी ७० जना हिंसा बिरुद्ध आएको ओझाले बताउनुभयो। नगरपालिका क्षेत्रमा साउनमा १८ जना, भदौमा १५ जना, असाजमा ४ जना, कार्तिकमा १० जना, मंसिरमा २० जना, कार्तिकमा १० जना, मंसिरमा २० जना, पुसमा ६ जना, माघमा १० जना र फागुनमा २२ जना गरी १ सय ५ जना हिंसा पीडित रहेका छन्। अन्य जिल्लाबाट ६ जना आएका हुन्। जसमध्ये साउन, पुस र माघमा एक–एक जना तथा मंसिरमा ३ बाहिर जिल्लाका हिंसा पीडित छन्। ८ महिनाको अवधिमा १६६ जना महिला, १० जना पुरुष र २ जना अन्यले हिंसाविरुद्ध सेवा लिएका छन्। जसमध्ये १९ दलित, १ सय ३ जनजाति, ६ मदेशी, ६ मुस्लिम, ४० ब्राह्मण/क्षेत्री र ४ शन्यासी रहेको ओझाले जानकारी दिनुभयो। यहि अवधिमा ४५ जनालाई फलोअपमा बोलाइएको थियो।




# सम्पादकीय

## जरिवाना असुलीमा जोड

नेपालमा यातायात भन्नेवित्तिकै सडक यातायातलाई बुझ्ने गरिन्छ । हवाई, रेल, जल, रोपवेजस्ता अन्य यातायातलाई जोड्ने भएकाले पनि सडक यातायातलाई विशेष महत्व दिने गरिन्छ । हामीकहाँ यातायातका अन्य साधनको प्रहुँच र प्रयोग व्यापक नहुँदा सडक यातायात विकल्पविहीन यातायातको साधन बनिरहेको छ । देशका सबै क्षेत्रमा सडक यातायात सञ्जालको वृद्धि र विकास भइरहेको छ । गाउँगाउँसम्म पनि सडकको पहुँच बढ्दै गएको छ । सडकको विकास र विस्तारसँगै सडकमा गुड्ने यातायातका साधनको वृद्धि पनि व्यापक बनिरहेको छ । सडक र सवारी साधनको वृद्धि र विकाससँगै दुर्घटनाको जोखिम पनि उत्तिकै बढिरहेको छ । सडकमा गुड्ने सवारी साधनलाई नियमन गर्ने र दुर्घटना न्यूनीकरणको जिम्मेवारी पाएको ट्राफिक प्रहरीको भूमिका प्रभावकारी बन्न सकिरहेको छैन । संघ र प्रदेशका यातायात व्यवस्था कार्यालय एवम् स्थानीय सरकार तथा ट्राफिक प्रहरीबीच उचित समन्वय र सहकार्य हुन नसक्दा सवारी व्यवस्थापन फितलो भइरहेको छ भने दुर्घटना बढ्दै गएको छ ।

सडकमा गुड्ने सबै प्रकारका सवारी साधनको नियमन गर्ने जिम्मेवारी पाएको ट्राफिक प्रहरीको ध्यान जरिवाना असुलीमा केन्द्रित हुने गरेको छ । ट्राफिक प्रहरीले सवारी व्यवस्थापन र ट्राफिक सचेतनामा भन्दा सवारी साधनलाई कारबाही गरी जरिवाना असुलीमा बढी ध्यान दिने गरेको पाइन्छ । मकवानपुरको ट्राफिक प्रहरीले चालु आर्थिक वर्षको साउनदेखि फागुनसम्ममा सवारी साधनलाई कारबाही गरेर करिब साढे २ करोड जरिवाना संकलन गर्नुले यसलाई पुष्टि गर्दछ । चालु आर्थिक वर्षको ८ महिनामा ट्राफिक प्रहरी कार्यालय मकवानपुरले ३१ हजार ४ सय ६७ सवारी साधनलाई कारबाही गरेर २ करोड ४४ लाख ६३ हजार रुपैयाँ राजस्व संकलन गरेको हो । कार्यालयले गत आर्थिक वर्ष सवारी साधनलाई कारबाही गरेर २ करोड ३६ लाख ९० हजार रुपैयाँ जरिवाना संकलन गरेको थियो । अघिल्लो एक आर्थिक वर्षभित्र संकलन गरेको रकमभन्दा बढी चालु आर्थिक वर्षको ८ महिनामै ट्राफिक प्रहरीले जरिवाना उठाउँदा सवारी कारवाही र जरिवाना संकलनमा ट्राफिक प्रहरीको प्राथमिकता बनेको अनुमान गर्न सकिन्छ ।


चालु आर्थिक वर्षको ८ महिनामा जिल्ला ट्राफिक प्रहरी कार्यालयबाट झण्डै ५२ लाख रुपैयाँ राजस्व संकलन गरिएको छ । जिल्लाका विभिन्न ट्राफिक प्रहरी तथा अस्थायी ट्राफिक प्रहरी पोष्टबाट पनि सवारी साधनलाई कारबाही गरेर उल्लेख्य जरिवाना संकलन गरिएको छ । ट्राफिक प्रहरीको तथ्यांकअनुसार रातोमाटे पोष्टबाट ४० लाख ७० हजार, मनहरीबाट ३५ लाख ३७ हजार, चित्लाङबाट ३३ लाख ५६ हजार, भैंसेबाट २७ लाख ८८ हजार, नेवारपानीबाट ११ लाख ६९ हजार रुपैयाँ राजस्व संकलन भएको छ । यस्तै, ट्राफिक पोष्ट पालुङले ४ लाख ११ हजार, भीमफेदीले ९ लाख १२ हजार, ठूलोदमारले ५ लाख ३८ हजार, चौकीटोलले ५ लाख ६७ हजार, चौघडाले ४ लाख ६४ हजार, फाखेलले ११ लाख, लेवटले १ लाख ११ हजार, ठिंगनले १ लाख १४ हजार र फापरबारीले ३५ हजार रुपैयाँ राजस्व संकलन गरेको छ ।

नेपालमा चालकको लापरबाही तथा अन्य मानवीय त्रुटीबाट धेरै दुर्घटना हुने गरेको अवस्थामा ट्राफिक प्रहरीले नियमविपरित सवारी चलाउने चालकलाई कारबाही गर्नु स्वभाविक हो । अधिकांश दुर्घटनाको कारण तीब्र गति, ट्राफिक नियमको उल्लंघन र सवारीको प्राविधिक गडबडी नै देखिने गरेको छ । ट्राफिक प्रहरीको आँखा छलेर सवारी नियम उल्लंघन गर्ने परिपाटी कम हुन सकेको छैन । चालकहरुको यस्तो परिपाटीले ट्राफिक प्रहरीलाई सडकमा आकस्मिक चेकिङ गरेर जरिवाना असुल्न सहजै भएको छ । सबै प्रकारको सडक सवारी व्यवस्थापन र नियमनको जिम्मेवारी पाएको ट्राफिक प्रहरी जरिवाना असुलीमा मात्र केन्द्रित हुनुहुन्न । चालकलाई सचेत बनाउन प्रशिक्षण दिने, सवारीको प्राविधिक जाँच गर्ने, नियम पालनका लागि सचेत गराउने, सडक किनारामा रिफ्रेस सेन्टर स्थापना गर्ने, आवश्यकताअनुसार टाइमकार्ड लागू गर्नेलगायतका कार्यलाई प्रभावकारी बनाएमा जरिवाना गर्नुपर्ने अवस्थामा कमी आउनुका साथै दुर्घटना न्यूनीकरणसमेत हुने सम्भावना रहन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | मन मस्तिष्क हलुका बन्ने समयको योग छ । |
| वृष | व्यापार–व्यवसाय मध्यमकारक रहने छ । |
| मिथुन | परिश्रमको प्रतिफल राम्रो रहने समय छ । |
| कर्कट | निजी काममा खट्दा समय व्यतित हुनेछ । |
| सिंह | दार्शनिक क्षेत्रमा लागि परिने समय छ । |
| कन्या | वादविवादबाट टाढा बस्दा राम्रो रहने योग छ । |
| तुला | कार्यक्षेत्रमा उच्च सफलता प्राप्त हुने समय छ । |
| वृश्चिक | पढाइ–लेखाइका काममा सरिक भइने समय छ । |
| धनु | व्यापार– व्यवसाय मध्यमकारक रहने समय छ । |
| मकर | निर्णय गर्नु अघि बिचार पुर्‍याउनु पर्ने समय छ । |
| कुम्भ | अध्ययन–अध्यापनका कामहरु मध्यमकारक । |
| मीन | प्रयोजनका कामबाट प्रतिष्ठा र सम्मान प्राप्त होला । |

# सरकारी वेबसाइटमै भेटिँदैन कर्मचारीको विवरण !



✍पुण्यविक्रम खड्का

यस वर्ष चैत ७ गते घोडेजात्रा परेकोले काठमाडौंमा सार्वजानिक बिदा थियो । बिदाको दिन बिहानदेखि नै पानी सिमसिम परेकोले अलिअलि चिसो महसुस भइरहेको थियो । त्यसैले सिरकमै बसेर चियाको सुर्कीसँगै अनलाइनमा समाचार हेर्दै थिएँ ।

सरसर्ती समाचारहरु निहालिसकेपछि सधैं झैं आफूले हेर्ने भन्सार विभागको वेबसाइटलाई खोलेर हेरेँ । चालु आर्थिक वर्षको फागुन महिनाको वैदेशिक व्यापारको तथ्यांक हरेक महिनाको ७ गतेभित्रै सार्वजनिक गरिसक्नु पर्नेमा भए/नभएको बारेमा जानकारी लिने मन भयो। तर सो तथ्यांक देखिएन ।

त्यसको सट्टा आगामी वर्ष २०८०/८१ को आय तथा व्ययको विवरण (बजेट) निर्माणका लागि अर्थ मन्त्रालय, राजस्व परामर्श समितिअन्तर्गत गठित भन्सार उपसमितिको सूचना देखेँ जहाँ सरोकारवाला सबैसँग राय सुझावको लागि आह्वान गरिएको थियो ।

वेबसाइटकै कुरा गर्दा केही समयअगाडि नेपाल सरकारले सबै सरकारी निकायहरूको वेबसाइटको ढाँचामा एकरुपता कायम गर्न नमुना तयार गरी कार्यान्वयनमा लैजाने भनि गरेको निर्णय र त्यसको तयारीको सम्बन्धमा के भएछ भन्ने जानकारी लिने विचार पलायो ।

उक्त समाचारको आधारमा सबैभन्दा पहिला प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको वेबसाइट खोलेर हेरेँ । त्यही ढाँचामा अन्य मन्त्रालयका वेबसाइट भए नभएको यकिन गर्न गृह मन्त्रालयको वेबसाइट हेरेँ । यी दुवैमा फरक देखेपछि वेबसाइटको नमुना कार्यान्वयनमा नआएको प्रष्ट भयो ।

मन्त्रालयका वेबसाइटमा रहेका सूचना र तथ्यांकहरुमध्ये के हेरौं त भन्ने सोच्दै गर्दा नेपाल सरकारका २२ वटा मन्त्रालयहरुको वेबसाइटमा रहेका सबै सचिवहरुको प्रोफाइल अध्ययन गर्ने सोच आयो ।

नेपाल सरकारले एकै प्रकारका वेबसाइट तयार गरी लागु गर्ने भएकोले वेबसाइटमा मन्त्रालयका मन्त्री तथा सचिवहरुको संक्षिप्त परिचय र व्यक्तिगत विवरण राख्न मिल्ने गरी छुट्टै स्थानको व्यवस्था गरे राम्रो हुने थियो ।

वर्तमान सन्दर्भमा मन्त्रालयको नामअनुसार वेवसाइटको अवस्था र त्यसमा हाल कार्यरत सचिवहरुको नाम तथा व्यक्तिगत विवरण अध्ययनको कामलाई निरन्तरता दिने निधो गरेँ ।

सर्वप्रथम प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको वेबसाइटमा रहेको मुख्य सचिव शंकरदास वैरागीको व्यक्तिगत विवरण हेर्दा अंग्रेजी भाषामा संक्षिप्त विवरण रहेको पाइयो । उक्त विवरणमा मुख्य सचिवको जिम्मेवारी पाएको सुरु मितिदेखि जन्मस्थान, शैक्षिक योग्यता, अनुभव र पारिवारिक विवरण समेत खुलाएको रहेछ ।

यसरी व्यक्तिगत विवरण सार्वजनिक गर्ने प्रचलन विदेशमा हुने गरेको सुनेको हुँदा वहाँ मुख्य सचिव हुनुभन्दा पहिले परराष्ट्र सचिव रहनु भएकोले यस्तो विवरण राखेको हो कि भन्ने लागेर हालका परराष्ट्र मन्त्रालयका सचिव भरतराज पौड्यालको प्रोफाइल खोलेर हेर्न मन लाग्यो ।

सचिव पौड्यालको परिचय विवरण पनि अंग्रेजी भाषामा रहेछ । सन् २०२० अक्टोबर ९ देखि परराष्ट्र मन्त्रालयको सचिवमा कार्यरत वहाँको प्रोफाइलमा उल्लेखित विवरण झनै लोभलाग्दो गरी प्रस्तुत गरिएको रहेछ। जागिरको सुरुआत, शैक्षिक योग्यता, अनुभव तथा वैवाहिक जीवनपछि श्रीमती तोया आचार्यको कोखबाट जन्मेका पल्हवी र असुतोष पौड्याल समेतलाई चिनारीमा राखेको पाएँ ।

वेवसाइटहरु निहाल्ने काम गर्दै जाँदा विस्तारै अल्छी लाग्दै आयो । जुन मन्त्रालयको वेबसाइट खोले पनि त्यहाँ मन्त्री वा सचिवहरूको खासै परिचय फेला पर्न छोड्यो । अनि मैले पहिलादेखि चिनजान गरेको र सरल स्वभावका वाणिज्य सचिव मधुकुमार मरासिनीको प्रोफाइल हेर्ने आफैमा अनुमति लिएँ ।

सोचेजस्तै खिन्न हुन परेन । वहाँको व्यक्तिगत विवरण फेला पारेँ । माथि उल्लिखित मुख्य सचिव र परराष्ट्र सचिवको विवरणसँग मिल्दोजुल्दो नै विवरण फेला पारिरहँदा मलाई जिज्ञासा पैदा भयो, व्यक्तिगत विवरणलाई अनिवार्य राख्नै पर्ने किन नगरिएको होला ?

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा रहेका दुई सचिवमध्ये एकजनाको मात्र व्यक्तिगत विवरण राखिनुमा के यस्तै व्यवस्था अनिवार्य नगरेको कारण त होला भन्ने लाग्नु स्वभाविक थियो ।

त्यसपछि रक्षा मन्त्रालयको वेबसाइट खोलेर हेर्दा सचिव किरणराज शर्माको व्यक्तिगत विवरण भेटियो । देशकै भूमिको नापनक्सा प्रविधिमा राखी हरेक नागरिकको नाममा रहेको जग्गा जमिनको अभिलेख राख्ने जिम्मा लिएको मन्त्रालय भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिव डा. दामोदर रेग्मीको प्रोफाइल के होला भन्ने लागेर हेर्ने प्रयास गरेँ ।


मन्त्रालयको वेवसाइटको नाम पनि पत्ता लगाउन केही समय लाग्यो तर खोजेको कुरा फेला पर्यो । नेपाली भाषामा लेखिएको व्यक्तिगत विवरण लामै थियो । यसबाट वहाँका अनुभव, अध्ययनको विषय, विद्यावारिधिको क्षेत्र लगायतका केही अन्य विषयहरु समेत उल्लेख थियो । अर्थात् सचिव रेग्मीको विस्तृत परिचय खुलेको सबैका सामु सार्वजनिक भएको थियो ।

यसबाट मन्त्रालयको वेबसाइटमा सार्वजानिक पदाधिकारीहरुको परिचय राखिदिएमा उहाँहरुबारे जानकारी राख्न चाहने जोसुकैलाई पनि संक्षिप्त जानकारी प्राप्त गर्न सम्भव हुने देखियो ।

माथि उल्लेख गरे झैं २२ वटै मन्त्रालयको वेबसाइट हेर्ने काम भयो । मेरो स्मरणमा रहेका शाखा अधिकृत पदमा लोक सेवाबाट विसं २०५९ सालमा सफल हुनुभएका मित्र कृष्णहरि पुष्कर हाल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सचिव पदमा कार्यरत हुनुहुन्छ । वहाँको मन्त्रालयको वेबसाइटमा व्यक्तिगत विवरण हेरेर के रहेछ यसमा समावेश गर्न मेरो मनले अह्रायो ।

...बाँकी पृष्ठ ३ मा

# सेतो मच्छिन्द्रनाथको जात्राको अनेक मिथक



✍प्रेममान डंगोल



हरेक वर्ष चैत्र शुक्ल अष्टमी चैते दसैँदेखि सेतो मच्छिन्द्रनाथको रथ यात्रा सुरु गरिन्छ । राजा शिवसिंह मल्लले ने.स. ७०८ देखि करुणामय सेतो मच्छिन्द्रनाथको मूर्ति भेटिएको स्थान जमलबाट चैत्र शुक्ल अष्टमीका दिन नौतले शिखर शैलीको रथमा मच्छिन्द्रनाथको मूर्ति राखेर रथयात्रा गरिँदै आएको हो । रथयात्राको पहिलो दिन जमलबाट असनसम्म पुर्‍याइन्छ भने त्यसको भोलिपल्ट असनबाट हनुमान ढोका अगाडिसम्म रथ तानेर राखिन्छ । त्यसको पनि भोलिपल्ट मच्छिन्द्रनाथको रथ तानेर हनुमान ढोकाबाट लगनसम्म रथ तानेर जात्रा मनाइन्छ ।

रथ लगनमा पुगेपछि त्यहाँ रहेको मच्छिन्द्रनाथकी आमाको मन्दिर र मां सिमा नामक रुखलाई तीन पटक परिक्रमा गराई जात्राको समापन गरिन्छ । मच्छिन्द्रनाथको रथ यात्राको यो अन्तिम दिन लगन टोलमा रथ पुर्‍याउने बित्तिकै जीवित देवी कुमारीलाई विमानखट अर्थात् सानो खटमा राखी बोकेर बाजा बजाउँदै ल्याई लगन चोकमा जात्रा देखाउने चलन छ ।

हाम्रो धर्म, संस्कृति, स्वास्थ्य, समाज, स्वर्ग-नर्क, दुर्गति र प्रगतिसँग सम्बन्ध भएको हाम्रो आस्थाका देवता हुन करुणामय सेतो मच्छिन्द्रनाथ । करुणामयको आफ्नैपनको सेतो टीका हुन्छ । देवतालाई चढाउन ल्याएको चामलमा चोखो जल राखेर पिसेर बनाइएको टीका भगवानको पाउमा चढाइएको पाउको टीका अत्यन्तै पवित्र हुने र यो टीका लगाउनाले शुभ मंगल हुने जन विश्वास छ । यो टीका लगाउन भिमसेनपातीले छुवाएर लिनुपर्छ भनिन्छ ।

करुणामय सेतो मच्छिन्द्रनाथको जल प्रसादको पनि अत्यन्तै महत्व छ । भगवानलाई चढाउन ल्याएका पेडा र गाईको दूध मिलाए यो जल प्रसाद बनाइन्छ । यो जल प्रसाद पिएमा विभिन्न रोग निको हुन्छ भन्ने विश्वास छ। त्यस्तै, माटोको सानो पालामा राखेर चढाउन ल्याएको दहीको प्रसाद रुन्चे लागेका बच्चाहरूलाई पिलाएमा रुन्चे लागेको हराउँछ भन्ने पनि जनविश्वास छ ।

कोही मानिस गाह्रो साह्रो हुने गरी बिरामी भएमा करुणामयको जप पाठ गराइन्छ । यसमा पञ्चरक्षा, नव्याकरण, प्रज्ञापारमिता आदि पाठ गराइन्छ । यसरी पाठ गराइँदा रोग निको हुने विश्वास छ । दिवंगत भएका आफन्तको नाममा पनि निर्वाण कामना गरेर पाठ गराइन्छ । दुर्गति मोचनका निम्ति गुलुपाःमा चामल र पैसा राखेर गुलुपाः दान गरिन्छ ।

आफ्नो परिवारमा कोही वितेको समयमा वा शुभकर्मका लागि पनि सत्व पूजा गराइन्छ । चामल पानी चढाउने भन्दै पानीका साथै स-साना हजारौ गुलपामा चामल राखेर दान गरिन्छ । कुनै पनि किसिमको भाकल र शुभ पूजा गर्दा श्रद्धापूर्वक यो दान गरिन्छ ।

करुणामय सेतो मच्छिन्द्रनाथलाई अमला र पानी पनि चढाउने गरिन्छ । भगवान्लाई मनपर्ने फलफूलमध्ये अमला पनि हो । स्वाथ्यका देवताका रूपमा मानिदै आएका मच्छिन्द्रनाथलाई सबैभन्दा मनपर्ने फल अमला भएको कारण यसमा भएको रोग प्रतिरोधात्मक शक्ति नै हो । अमलामा भिटामिन 'सी' हुन्छ । सेतो मच्छिन्द्रनाथको महास्नान गराएपछि दशकर्म विधिमा गरिने होम वा जग्गेमा पञ्चामृत राखी पकाइने भातलाई धौजा भनिन्छ । धौजा प्रसाद लिने भन्दै यही भातलाई पवित्र प्रसादको रूपमा खाने गरिन्छ । यो प्रसादले आरोग्य लाभ भई स्वास्थ्य राम्रो हुने विश्वास छ । त्यस्तै सिसापालु लिने भन्दै मच्छिन्द्रनाथको दशकर्म विधि सकेर देवता जाग्ने समयमा दिइने सगुनमा रहेको चाकु र अदुवामा नुन र ज्वानो मुछेर बनाई राखेको प्रसाद सिसापालु लिने गरिन्छ ।

मच्छिन्द्रनाथको महास्नानको समयमा दशकर्म विधिअनुसार जन्मोत्सव, विवाह, गुफा राख्ने गरिन्छ । यही सन्दर्भमा देवतालाई थायब्व (विहेको बेला खुवाउने ठूलो थालीको भोज) पनि खुवाइन्छ । यही थायब्वको प्रसाद बेल विवाह नगरेका बालिकालाई खुवाएमा बेल विवाह गर्नुपर्दैन भन्ने जनविश्वास छ । पुत्र नभएकाहरूले मच्छिन्द्रनाथको पिग्वय् प्रसादको रूपमा लिएमा पुत्र जन्मिन्छ भन्ने पनि जनविश्वास छ ।

मृत्यु संस्कारमा घरलाई शुद्ध पार्न मच्छिन्द्रनाथको जल छर्किने चलन छ । यसबाट साँग्लो, कमिला आदि आउँदैनन् भनिन्छ । दिवंगत भएका आफन्त र घर परिवारका नाममा सिदा दान दिने गरिन्छ । सिदा दान दिंदा दिवंगत भएकालाई निर्वाण प्राप्त हुने विश्वास छ । शुभ मंगल चिताएर आफ्नो र आफ्ना घर परिवारको सुख, शान्ति र कल्याण होस् भनी दियो बाल्ने गरिन्छ । दियोको ज्वालामा हत्केला सेकेर आँखामा लगाउने गरिन्छ । यसो गर्दा आँखाको रोग निको हुने विश्वास छ ।

बौद्ध परम्पराअनुसार काठमाडौंको केलटोलमा कनक चैत्य महाविहार पुरानो नाम रहेको जनबहालमा मच्छिन्द्रनाथलाई पुष शुक्ल अष्टमीका दिन महास्नान गराइन्छ । मच्छिन्द्रनाथलाई स्नान गराइँदा मूर्तिलाई मन्दिर बाहिर ल्याई मन्दिर अगाडि रहेको डबलीमा सातवटा नाग भएको आसनमा विराजमान गराइन्छ । अनि ६ वटा तामाको घडामा भएको चोखो जलमध्ये दुई जनाले एकैपटक तीन पटक र एउटाले एकपटक मनतातो पानीले स्नान गराइन्छ । स्नान गराइ र हँदा पञ्चताल बाजा बजिरहन्छ । स्नान गराउनु अघि मच्छिन्द्रनाथको मूल गुरुजुले दश दिशामा बौद्ध परम्पराअनुसार दश दिक्पालको पूजा गर्छन् ।

मच्छिन्द्रनाथको मूर्तिलाई पुस शुक्ल पूर्णिमाका दिन बौद्ध परम्पराअनुसार प्राण प्रतिष्ठा गरी केटा र केटी दुवैलाई गरिने जात कर्म, नाम कर्म, अन्नप्रासन, उपनयन, चुडाकर्म, बेलविवाह, गुफा राख्ने आदि दशकर्म गरेपछि मन्दिरको आफ्नै आसनमा राख्न लगिन्छ । *(स्रोत: रातोपाटी)*

# वार्षिक कार्ययोजना र शैक्षिक क्यालेण्डर तयार गरी अगाडि बढ्नुपर्छ ।

विद्यालयमा चालु शैक्षिकसत्र अन्तिम चरणमा छ । वार्षिक परीक्षा सकिएर विद्यार्थीको मूल्यांकनको प्रक्रिया अगाडि बढेको छ । यसका साथै आगामी शैक्षिक सत्रका लागि पनि योजना बनाउनु पर्नेछ । तर, अधिकांश विद्यालयमा शैक्षिक मूल्यांकन र योजना निर्माणको पाटो कमजोर देखिन्छ । विद्यालयका प्रधानाध्यापकको क्षमताका आधारमा समग्र शैक्षिक सुधारको आधार तयार हुन्छ । चालु शैक्षिक सत्रको समीक्षा र आगामी योजनाको विषयमा रहेर हेटौंडा-४, कर्रास्थित श्रमिक माविका प्रधानाध्यापक श्रीराम दाहालसँग समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले गर्नुभएको कुराकानी:



**श्रीराम दाहाल, प्रधानाध्यापक**
**श्रमिक मावि**

**चालु शैक्षिक सत्रमा श्रमिक माविमा के-कस्ता शैक्षिक अभ्यासहरु भए ?**

**दाहाल**: अहिले हामी शैक्षिकसत्र २०७९ को अन्तिम महिनामा छौं । अहिले विद्यालयमा अन्तिम परीक्षा सञ्चालन भइरहेको छ । शैक्षिक सत्र सुरु हुनुभन्दा अगाडि नै हामीले विद्यालय व्यवस्थापक, पिटीए र स्टाफहरुसँग बसेर छलफल गरी बर्षभरिको शैक्षिक योजना र कार्यपात्रो बनाएका थियौं । सोही अनुसार हामीले अनुशासनको पाटो जस्तै ड्रेस, कपाल, सरसफाई लगायतका दैनिक कार्यहरुबाट सुरुवात गर्‍यौं । यो शैक्षिक सत्रमा हामीले केही नयाँ अभ्यासहरु गर्‍यौं र केही अधुरो रहेका कामहरु हामी भावी दिनमा गर्नेछौं । शैक्षिक क्यालेण्डर अनुसार काम गर्दै जाँदा विद्यार्थीहरुको पठनपाठनको साथै अतिरिक्त क्रियाकलापमा पनि सक्रिय भई पुरस्कार जित्ने क्रम पनि बढेको छ । हामीले खाली घण्टीका लागि शिक्षकहरुको व्यवस्था र हरेक शनिबार परीक्षा लिने व्यवस्था पनि गर्‍यौं । यी शुरुवाती कामहरुले श्रमिक माविको शैक्षिक गुणस्तरमा वृद्धि भएको र सिकाई प्रक्रियामा पनि सुधार भएको महसुस भएको छ ।

**मकवानपुर जिल्लाभरका शैक्षिक गतिविधिलाई हेर्दा शैक्षिक सत्र २०७९ को सकारात्मक क्रियाकलापहरु के-के देख्नुभएको छ ?**

**दाहाल**: संघीयता लागु भएसँगै शिक्षालाई स्थानीय तहमा हस्तान्तरण गरिसकेपछि हामीले अपेक्षा गरेजस्तो शिक्षामा सुधार भएको छैन । शिक्षालाई स्थानीय तहमा हस्तान्तरण गरिसकेपछि मकवानपुरको १० वटै पालिकाको शैक्षिक क्षेत्रमा हुने अनुगमन एकदम फितलो भएको देखिन्छ । स्थानीय तहमा आएपछि शिक्षाको गुणस्तरमा जति सुधार हुनुपर्ने हो त्यति भइरहेको छैन । सकारात्मक पक्षका रुपमा हेर्दा स्थानीय तहबाट नै बजेट विनियोजन हुने हुँदा विद्यालयको आवश्यकता मागलाई स्थानीय तहले सम्बोधन पनि गर्दै आएको छ ।

**तपाईको विचारमा शैक्षिक गुणस्तर सुधार गर्नका लागि पालिकाले के-के गर्नुपर्छ ?**

**दाहाल**: शिक्षाको विकास बिना अन्य विकास सम्भव नभएकाले शैक्षिक गुणस्तर सुधार गर्नका लागि पालिकाले पहिले त शिक्षामा लगानी गर्नुपर्छ । त्यस्तै शिक्षकहरुलाई उत्प्रेरणामूलक विभिन्न कार्यक्रम मार्फत हौसला प्रदान गर्न सक्नुपर्दछ । शैक्षिक उपलब्धि हासिल गर्नका लागि शिक्षकहरुलाई आधुनिक प्रविधिसँग जोडेर उत्प्रेरणा दिने खालको कार्यक्रमहरु पालिकाले सञ्चालन गर्नुपर्दछ । विद्यालयभित्रका सामान्य आर्थिक समस्याहरुलाई पनि पालिकाले समाधान गरिदिनुपर्दछ ।

**विद्यालयको आवश्यकतालाई तपाइहरुले ध्यानाकर्षणको रुपमा पालिकालाई कतिको अवगत गराइरहनुभएको छ ?**

**दाहाल**: हामी जिल्लाका १० वटै पालिकाका स्थानीय कमिटीहरु सक्रिय रहेका छौं । स्थानीय सरकारको बजेट बनाउने समयभन्दा अगाडि नै १० वटै पालिकाका कमिटी बसेर छलफल गरी सबै आवश्यकतालाई राखेर हामीले पालिकालाई ध्यानाकर्षण गर्दै आएका छौं । उपमहानगरपालिकाको प्रधानाध्यापकको बैठकमा जाँदा पनि हामीले प्रधानाध्यापकको हैसियतले पटक-पटक यो कुरा उठाउँदै आएका छौं । तर कार्यान्वयन तहले हामीले उठाएका विषयवस्तुलाई प्राथमिकतामा राखेको भने पाइँदैन । स्थानीय सरकारले भौतिक पूर्वाधारमा लगानी गर्ने तर शिक्षामा लगानी नगर्ने परिपाटी अहिले पनि देखिन्छ । त्यस्तैगरी पालिकाभित्र हुने प्रधानाध्यापक बैठकहरु पनि उपलब्धिमूलक भएको पाइँदैन ।

**विद्यालयका प्रधानाध्यापकहरुले ध्यान दिनुपर्ने कुराहरु के-के हुन्छ ?**

**दाहाल**: विद्यालयको प्रधानाध्यापक भइसकेपछि इच्छाशक्ति, मिहिनेत र नेतृत्व गर्ने क्षमता हुनुपर्दछ । प्रधानाध्यापकले शिक्षणलाई पेशाको रुपमा लिने र महिनावारी तलब लिने रुपमा मात्र सोँच्नुहुँदैन । प्रधानाध्यापकले विद्यालयलाई घरको रुपमा लिई चिन्तन र मनन् गरेर व्यवस्थापन गर्न सक्नुपर्छ । विद्यालयको शैक्षिक प्रगति, आर्थिक र भौतिक लगानी खोज्ने, अभिभावकसँग अन्तरक्रिया गर्ने, विद्यालय व्यवस्थापन समितिसँग छलफलमा जुटिरहनु पर्दछ । शिक्षक साथीहरुसँग सहकार्य गरी अघि बढ्ने, उहाँहरुको समस्या सुन्ने र समाधान गर्न सधै तत्पर रहनुपर्छ ।

**प्रधानाध्यापकले अन्य शिक्षकहरुलाई नेतृत्व शक्ति, ज्ञान, सीप र कौशलको हस्तान्तरण अभ्यास कतिको भएको देखिनुभएको छ ?**

**दाहाल**: नेतृत्व विकासको सन्दर्भमा राइट्स र लोड दुवै हस्तान्तरण गर्नुपर्छ भन्ने मान्यता रहेको छ । त्यसैले हामीले विद्यालयमा पद श्रृङ्खला बनाएका छौं । जहाँ सहायक प्रधानाध्यापक, विषयगत प्रमुख र तहगत संयोजक साथीहरु हुनुहुन्छ । उहाँहरुलाई अधिकारसहितको नेतृत्व प्रदान गर्ने प्रयास गर्दैछौं । अधिकारसहितको नेतृत्व पाएपछि उहाँहरुले सिक्ने र काम गर्न ऊर्जा प्राप्त गर्नुहुन्छ ।

**साताको एक दिन शनिबार आराम गर्नुपर्ने दिनमा पनि परीक्षा लिनुको कारण के हो ?**

**दाहाल**: सामुदायिक विद्यालयमा पढाई नै हुन्न, वा कम पढाई हुन्छ जस्ता समुदायिक विद्यालयप्रति नकारात्मक टिप्पणी गरेको पाइन्छ । त्यसलाई सुधार गर्नका लागि पनि हामीले परीक्षाका लागि शनिबार रोजेका हौं । शनिबार पनि विद्यार्थीहरु विद्यालय पोशाकमा देखेपछि समुदायको भावना सामुदायिक विद्यालयप्रति सकारात्मक बन्दै जान्छ भन्ने हाम्रो धारणा रहेको छ ।

**आगामी शैक्षिक सत्रमा समग्र सामुदायिक विद्यालयहरुले के-के कुरामा ध्यानमा राखेर शैक्षिक योजना बनाउनुपर्छ ?**

**दाहाल**: आगामी शैक्षिक योजनामा विगतका शैक्षिक सत्रका राम्रा कुरालाई अनुशरण गरी त्यसलाई नियमितता दिने र कमजोरी पक्षलाई सुधार गर्दै जानुपर्छ । अभिभावक तथा समुदायमा गएर अन्तरक्रिया गरी जनचासोलाई आगामी शैक्षिक योजनाले समेट्नुपर्छ । आवश्यकता अनुसार विभिन्न तहमा छलफल गरी वार्षिक कार्ययोजना र शैक्षिक क्यालेण्डर तयार गरी अगाडि बढ्नुपर्छ ।

# अपाङ्गता भएकालाई क्षमता विकास तालिम

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाका १० वटै स्थानीय तहका अपाङ्गता भएका व्यक्तिहरुका लागि क्षमता विकास तालिम सुरु भएको छ । अपाङ्ग स्वावलम्बन जीवन पद्धति केन्द्र मकवानपुरको आयोजना तथा सामाजिक विकास मन्त्रालय बागमती प्रदेशको सहयोगमा ४ दिवसीय तालिम सुरु भएको हो ।

संस्थाका अध्यक्ष दिलबहादुर स्याङ्बोको सभाध्यक्षता एवम् समाजिक विकासमन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यमा हेटौंडास्थित जयगणेश पार्टी प्यालेसमा तालिम उद्घाटन भएको छ । तालिम उद्घाटन कार्यक्रममा बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामीको विशिष्टि आतिथ्य थियो । सामाजिक विकास मन्त्रालयको महिला विकास अधिकृत चन्द्रकुमारी व्यञ्जनकार, राष्ट्रिय अपाङ्ग महासंघ बागमती प्रदेश अध्यक्ष अश्विन लम्साल, मनहरी वडा नम्बर ७ का कार्यबाहक वडा अध्यक्ष नवराज सुबेदी तथा जिल्लामा रहेका अपाङ्गताको क्षेत्रमा काम गर्ने मकवानपुर बहिरा संघ, अपाङ्ग सरोकार केन्द्र, बौद्धिक अपाङ्ग अभिभावक संघ, मकवानपुर नेत्रहीन संघलगायत संघसंस्थाका प्रतिनिधिहरुको आतिथ्य थियो ।

तालिम उद्घाटन गर्दै सामाजिक विकासमन्त्री मोक्तानले मन्त्रालयले अपाङ्गता भएका व्यक्तिहरूको अभिभावकत्व गर्दै आएको कुरा जिकिर गर्नुभयो । हालै मात्रै सरकारले अपाङ्ग व्यक्तिहरूका लागि छुट्याइएको निर्धारित कोटा प्रतिशतमा गरेको कटौतीको विषयमा राष्ट्रिय अपाङ्ग महासंघ बागमती प्रदेश अध्यक्ष अश्विन लम्सालले जिज्ञासा राख्नुभयो । उहाँको जिज्ञासाप्रति प्रतिउत्तर जनाउँदै मन्त्री मोक्तानले सरकारले बिना आधार त्यसो नगरेको, बरू जनसंख्याको आधारमा प्रतिशत निर्धारण गरेको हुनसक्ने बताउदै त्यसबारे थप छलफल र अन्तर क्रिया गर्ने बताउनुभयो । मन्त्री मोक्तानले आफ्नो कार्यकालमै बागमती प्रदेशमा प्रदेशस्तरीय अपाङ्ग निर्देशन समिति गठन भइसकेको र चाँडै उक्त समितिको बैठक बसी थप अपाङ्गताको विषयमा कामकारबाही अगाडि बढाउनेसमेत उल्लेख गर्नुभयो । मन्तव्यकै क्रममा बोल्नुहुदै बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामीले अपाङ्गता भएको व्यक्तिहरूलाई अझै पनि सडक पेटीमा माग्ने बनाएर राखेको भन्ने सुन्न आएको र त्यस्तो कोहि कसैले गरेको वा गराएको थाहा पाएमा त्यसको विरुद्धमा लाग्न सम्पूर्ण अपाङ्गता भएका व्यक्तिहरूलाई आह्वान गर्नुभयो ।

चैत्र १५ गतेदेखि १८ गतेसम्म सञ्चालन हुने तालिममा मकवानपुर जिल्लाको १० वटै पालिकाबाट ५/५ जना गरी ५० जनाभन्दा बढीको सहभागिता रहेको र यसबाट अपाङ्गताको सवाल, अवधारणा, बुझाइ, मनोसामाजिक समस्या, अपाङ्गताको क्षेत्रमा राज्यको भूमिका, ऐन कानुन, सेवासुबिधालगायत विषयवस्तुमाथि अभिमुखीकरण तालिम दिँदै स्थानीय तहसम्म अपाङ्गताका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्न सहजीकरणसमेत पुग्ने गरी यस कार्यक्रमको आयोजना गरिएको जानकारी अपाङ्ग स्वाबलम्बन जीवन पद्धति केन्द्र मकवानपुरका कार्यक्रम संयोजक प्रताप तितुङले बताउनुभयो । कार्यक्रम चैत्र १८ गतेसम्म सञ्चालन हुनेछ ।

## टोलविकासका पदाधिकारीलाई तालिम

समाज संवाददाता

हेटौंडाः टोल विकास संस्था नगर समन्वय समिति, हेटौंडा उपमहानगर पालिकाको आयोजनामा एक दिवसीय क्षमता विकास तालिम सम्पन्न भएको छ । बुधबार टोल विकास संस्था नगर समन्वय समिति र वडा समन्वय समितिका पदाधिकारीहरुलाई तालिम दिइएको हो ।

वार्षिक विकास कार्ययोजना कार्यक्रम तर्जुमा प्रक्रियालगायतका विषयमा तालिम दिइएको छ । हेटौंडा उपमहानगरपालिका सामाजिक विकास महाशाखा प्रमुख भीमप्रसाद तिमल्सिना, ॐ शान्तिका विजयराज सिग्देल, समितिका सल्लाहकार ध्रुब भुजेल, श्यामप्रसाद श्रेष्ठ, सामुदायिक विकास तथा सचेतना नेपालका अनन्त बानियाँ, समाज कल्याण शाखाका भैरब कुमालले तालिमको सहजीकरण गर्नुभएको थियो । तालिममा ६० जनाको सहभागिता रहेको थियो । तालिमको अवसरमा समन्वय बैठकसमेत आयोजना गरिएको छ । हेटौंडा–४ का वडा अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्य तथा नगर समन्वय समितिका अध्यक्ष ध्रुबप्रसाद अधिकारीको सभाध्यक्षमा कार्यक्रम आयोजना गरिएको हो ।

## महासंघमा मकवानपुरका २ जनाको उम्मेदवारी

समाज संवाददाता

हेटौंडाः नेपाल उद्योग वाणिज्य महासंघको ५७ औं वार्षिक साधारणसभा तथा निर्वाचनमा मकवानपुरबाट दुई जनाले उम्मेदवारी दिएका छन् । मकवानपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष अरुणराज सुमार्गी र निवर्तमान अध्यक्ष कृष्ण कटुवालले उम्मेदवारी दिनुभएको हो ।

आगामी चैत २८ र २९ गते हुने निर्वाचनमा पूर्वअध्यक्ष सुमार्गीले जिल्ला नगर उद्योग वाणिज्यतर्फबाट केन्द्रीय उपाध्यक्ष पदमा र कटुवालले जिल्ला नगर उद्योग वाणिज्य महासंघ खुल्लातर्फ केन्द्रीय कार्यकारिणी सदस्य पदमा उम्मेवारी दिनुभएको छ । निर्वाचनमा देशभरका उद्योग वाणिज्य संघका अध्यक्षहरुले मतदान गर्नेछन् । देशभरबाट करिब १ सय १८ जनाले मतदान गर्ने मउवा संघका निवर्तमान अध्यक्ष कटुवालले बताउनुभयो । निर्वाचनमा मकवानपुरबाट दुई जनाले मतदान गर्न पाउनेछन् ।

मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण गुप्ता र थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष कविराज खत्रीले मतदान गर्न पाउनेछन् । अहिले उद्योग क्षेत्रमा रहेको कर, अनुगमनको समस्या र व्यवसायीहरुमा रहेको निराशालाई हटाउन आफूले उम्मेदवारी दिएको कटुवालले बताउनुभयो । उहाँले अहिले बजारमा आर्थिक मन्दी, बैंकको ब्याजदर बढिरहँदा व्यवसायी विस्थापित हुने अवस्थामा पुगेको बताउनुभयो । यसबारे सरकारले कुनै सम्बोधन नगरिरहेको उहाँले बताउनुभयो ।

अहिले महासंघबाट केन्द्रीय सरकारमा गर्नुपर्ने कामहरु हुन नसकिरहेकाले यसको पहल गर्न आफूले उम्मेदारी दिएको उहाँले बताउनुभयो । २०६४ सालका मउवासंघको कार्यसमिति सदस्य बन्नुभएका कटुवाल ६६ मा उपाध्यक्ष बन्नुभएको थियो । ६८ मा पुनः कार्यसमिति सदस्य र ७१ मा उपाध्यक्ष हुँदै वरिष्ठ उपाध्यक्ष बन्नुभएको थियो । ७४ देखि ७८ सम्म मउवासंघको अध्यक्षको जिम्मेवारी सम्हाल्नुभएको हो ।

## जनजाति युवा महासंघमा मोक्तान

समाज संवाददाता

हेटौंडाः आदिवासी जनजाति युवा महासंघ नेपाल मकवानपुरको अध्यक्षमा इन्द्रबहादुर मोक्तान सर्वसम्मत चयन हुनुभएको छ । मंगलबार महासंघको भेलाले मोक्तानको अध्यक्षतामा १७ सदस्यीय कार्यसमिति चयन गरिएको छ ।

उपाध्यक्षमा सानुमाया गुरुङ (निशा), आशीष थापा, लोकेन्द्र माझी चयन हुनुभएको छ । यस्तै, सचिवमा भुपेन्द्र राना मगर, सहसचिवमा बुद्ध बराम, कोषाध्यक्षमा सुनिल खड्की चयन हुनुभएको छ । सदस्यहरुमा मनिता राना मगर, सूर्य अस्तानी मगर, युवराज लो, अरुण मोक्तान चयन हुनुभएको छ । ओमशंकर स्याङ्तान, सुरजभानु तितुङ, नमराज मोक्तान, बुद्धराज लामा सिङ्तान, गौरी तामाङ, छोइसाङ लामा स्याङ्तान सदस्यमा चयन हुनुभएको छ ।

आदिवासी जनजाति युवा महासंघ नेपालको केन्द्रीय प्रतिनिधि रोशन गोलेको सभाध्यक्ष तथा आदिवासी जनजाति महासंघ नेपालको उपमहासचिव रामकृष्ण झ्लोनको प्रमुख आतिथ्यमा भेला भएको हो ।

## ७० वटा बाल समूह गठन

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकामा ७० वटा बाल समूह गठन भएको छ । हेटौंडा उपमहानगरपालिकाको महिला तथा बालबालिका शाखाका अनुसार ४७ विद्यालयस्तरीय र २३ वटा टोलस्तरीय गरी ७० वटा बाल समूह गठन भएको हो ।

बाल समूह गठनले बालबालिकाको सांगठनिक क्षमता वृद्धि गर्नुका साथै बाल अधिकार प्रवर्द्धनमा सहयोग पुग्ने र टोल विकासमा बालबालिकाको सहभागिता हुने शाखा प्रमुख बिष्णुकुमारी लामिछानेले बताउनुभयो । वडास्तरमा बाल समूह गठनपछि वडास्तरीय बाल भेला आयोगना गरी बाल समूह सञ्जाल विकास गर्ने र वडास्तरीय कार्यक्रममा उनीहरुलाई सहभागी गराउने लामिछानेको भनाई छ । लामिछानेले सबै वडामा बाल समूह गठन र पुनर्गठनको कार्य अगाडि बढिरहेको बताउनुहुँदै बाल अधिकार संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्न वडा बाल अधिकार समिति गठन गरी बालश्रम, बालविवाह, हिंसा न्यूनीकरण तथा बाल अधिकार समितिसम्बन्धी अभिमुखीकरण कार्यक्रम पनि सम्पन्न भएको बताउनुभयो ।

## कृषि क्षेत्रको...

मेहनती, अध्ययनशील र क्रियाशील सचिव कृष्णहरि पुष्करको परिचय खुल्ने विवरण वेबसाइटमा देख्न पाउँदा खुसी लाग्यो । त्यति मात्र हो र, मलाई यति पनि थाहा भएको रहेनछ कि कृष्णहरि पुष्कर कर्ण अब त सचिव डा. कृष्णहरि पुष्कर भनेर परिचित भैसक्नु भएछ ।

तर माथि उल्लेख गरिएको जस्तै तपसिलका सबै मन्त्रालयहरुको वेवसाइटमा प्रधानमन्त्री, मन्त्री तथा सचिवहरुको व्यक्तिगत परिचय खुल्ने विवरण राख्ने कार्यलाई अनिवार्य गरिएमा सबै सरोकारवालाहरु लाभान्वित हुने छन् भन्ने मात्र हो ।

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
२. परराष्ट्र मन्त्रालय
३. अर्थ मन्त्रालय
४. गृह मन्त्रालय
५. रक्षा मन्त्रालय
६. युवा तथा खेलकुद मन्त्रालय
७. वन तथा वातावरण मन्त्रालय
८. सहरी विकास मन्त्रालय
९. खानेपानी मन्त्रालय
१०. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
११. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
१२. उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
१३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
१४. सूचना, सञ्चार तथा प्रविधि मन्त्रालय
१५. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय
१६. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
१७. महिला, वालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय
१८. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
१९. कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
२०. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
२१. भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
२२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

*(स्रोत: सेतोपाटी)*


## कैलाशमा निःशुल्क स्वास्थ्य परीक्षण हुने

समाज संवाददाता

हेटौंडाः कैलाश गाउँपालिकाले आयोजना गर्न लागेको निःशुल्क स्वास्थ्य परीक्षण चैत २५ गतेबाट सुरु हुने भएको छ । गाउँपालिका तथा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडा अस्पतालको प्राविधिक सहयोगमा स्वास्थ्य परीक्षण हुनेछ ।

शनिबारका दिन कैलाश–१ को डाँडाखर्क स्वास्थ्य चौकीमा स्वास्थ्य परीक्षण गरिने भएको हो । स्त्री तथा प्रसुतिरोग, इन्टरनल मेडिसिन, बालरोग, नाक–कान–घाँटी, हाडजोर्नी, पाठेघरको मुखमा हुने क्यान्सरको भीआइए, पिसाबको जाँचलगायतका परीक्षणहरु निःशुल्क गरिनेछ ।

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी,
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

## तीन एकदिवसीय मैत्रीपूर्ण क्रिकेट

# श्रृंखला चितवनलाई, मकवानपुरको सान्त्वना जीत



समाज संवाददाता

हेटौंडाः पहिलो दुई खेलमा पराजित घरेलु टोली मकवानपुरले तीन एकदिवसीय मैत्रीपूर्ण क्रिकेट श्रृंखलाअन्तर्गत अन्तिम खेलमा पाहुना टोली चितवन क्रिकेट टिमलाई हराएको छ। बुधबार हेटौंडा-४, हुप्रचौरमा भएको खेलमा मकवानपुरले चितवनलाई ३ विकेटले हराएको हो।

टस जितेर पहिले ब्याटिङ गरेको चितवनले ३५ ओभर २ बलमा सबै विकेट गुमाएर १ सय ६७ रन बनाएको थियो। जवाफी ब्याटिङ गरेको मकवानपुरले ७ विकेटको क्षतिमा लक्ष्य भेटायो। मकवानपुरका लागि कप्तान सुमन सुनारले ५१ बलमा ४९ रन, शुभ कंशाकार ले २५ बलमा ४६ रन, गोकुल अधिकारीले २४ बलमा २० रन, रिजन ढकालले १८ रन, सक्षम बास्ताकोटीले १२ रन र दीपन बानियाँले ११ रन बनाए।

खेलको म्यान अफ द म्याच मकवानपुरका शुभ कंशाकार घोषित भए। चितवनका लागि ओपनर सूर्यांशु कोइरालाले ३९ रन जोडे भने जेनिथ क्षेत्रीले २४, सनम बुढाथोकीले २१ र साकार ढकालले २० रन जोडे। हेटौंडाको हुप्रचौरमा सोमबारदेखि सुरु भएको तीन एकदिवसीय मैत्रीपूर्ण श्रृंखलामा चितवनले पहिलो दुई खेल जित्दै ट्रफी प्राप्त गरेको छ। चितवनले पहिलो खेलमा मकवानपुरलाई ६ विकेटले पराजित गरेको थियो भने दोस्रो खेलमा ४३ रनले पराजित गरेको थियो। मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गीले चितवन क्रिकेट टिमलाई ट्रफी हस्तान्तरण गर्नुभयो। यसअघि पनि मकवापनुर र चितवन क्रिकेट टिमबीच मैत्रीपुर्ण खेलहरु आयोजना भइसकेको छ।

# मोटरसाइकलको ठक्करबाट एकजनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः हेटौंडा-फापरबारी-सिन्धुली सडकअन्तर्गत मकवानपुरको बागमती गाउँपालिका-८, साततलेमा मोटर साइकलको ठक्करबाट एकजनाको मृत्यु भएको छ।

बुधबार बिहान ४ बजेको समयमा फापरबारीबाट हेटौंडातर्फ जाँदै गरेको बा २५ प १९०८ नम्बरको मोटरसाइकलले पैदलयात्री बकैया गाउँपालिका-८, खजुरीदमारका ५० बर्षीय दिल बहादुर स्याङतानलाई ठक्कर दिएको थियो। मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते भएका स्याङ्तानलाई उपचारका लागि हेटौंडा अस्पताल पुर्याइएको थियो। स्याङ्तानको उपचारको क्रममा बुधबार बिहान ६ बजेर १० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। स्याङ्तानलाई ठक्कर दिने मोटरसाइकलका चालक भने फरार रहेको प्रहरीले जनाएको छ। प्रहरीले ठक्कर दिने मोटरसाइकल नियन्त्रणमा लिई आवश्यक अनुसन्धान गरिरहेको छ।

# सिमरा गोल्डकपः मकवानपुर-११ पराजित



समाज संवाददाता

हेटौंडाः जितपुर-सिमरा गोल्डकपमा मकवानपुर-११ पराजित भएको छ। मकवानपुर-११ लाई ३-० गोलअन्तरले स्तब्ध पार्दै हिमालयन शेर्पा क्लब सिमरामा जारी जगदम्बा १३ औं जीतपुर-सिमरा गोल्डकपको उपाधि होडमा प्रवेश गरेको छ।

बुधबार सिमरा रङ्गशालामा सम्पन्न पहिलो सेमिफाइनलमा मकवानपुरविरुद्ध आक्रामक खेल खेल्दै एक दशकपछि हिमालयन शेर्पा फाइनल प्रवेश गर्‍यो। २०६७ मा सम्पन्न प्रतियोगिताको दोश्रो संस्करणको उपाधि जितेको २०६९ को चौथो सिमरा गोल्डकपमा उप-विजेता बनेको थियो। सिमरा रङ्गशालामा निरन्तर सहभागिता जनाउँदै आएको शेर्पाले दशकपछि तेश्रो पटक फाइनलयात्रा तय गरेको हो।

हिमालयन शेर्पाले खेलको २९ औं मिनेटमा सुशील राईको गोलबाट अग्रता लिएको थियो। हिमालयन शेर्पाको जितमा म्यान अफ दि म्याच निशान लिम्बु नायक बने। खेलको ७४ औं मिनेटमा कप्तान विश्वास श्रेष्ठको ठाउँमा मैदान प्रवेश गरेका निशानले आकर्षक दुई गोल गरे। खेलको ८७औं मिनेटमा मिलन राईको पासलाई गोलमा परिणत गर्दै निशान लिम्बुले हिमालयन शेर्पाको अग्रता दोब्बर बनाए। खेलको अन्तिम समयमा निशान लिम्बुको व्यक्तिगत दोश्रो गोलबाट हिमालयन शेर्पाले ३-० को जित सुनिश्चित गर्दै फाइनलयात्रा तय गर्‍यो। इन्ज्युरी समयको चौथो मिनेटमा हिमालयन शेर्पाका मिलन राईको पासमा निशानले अर्को गोल थपे। डिबक्स भित्रडिफेण्डरको गल्तीका कारण मकवानपुरले अन्तिम मिनेटमा तेश्रो गोल बेहोर्नुपर्‍यो। प्रतियोगिताअन्तर्गत आज बिहीबार साविक विजेता न्युरोड टिम एनआरटी र चर्च ब्वाईज यूनाईटेड बीच दोश्रो सेमिफाइनल खेल हुनेछ। शनिबार हुने फाइनल खेलको प्रमूखअतिथिका रुपमा उप-राष्ट्रपति रामसहाय प्रसाद यादव उपस्थित हुने तय भएको आयोजक कमिटीका अध्यक्ष रामचन्द्र लामाले जानकारी दिनुभएको छ।

# मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम पुनःसञ्चालन



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकार मातहतको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतको हेटौंडा आस्पतालमा मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम पुनः सञ्चालनमा आएको छ। बुधबार बिहान बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयका सचिव बद्री बहादुर खड्काले मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रमको उद्घाटन गर्नुभयो।

साताको २ दिन बुधबार र बिहीबार मुख्यमन्त्री स्वास्थ्य कार्यक्रमका सेवा प्रदान गरिने अस्पतालले जनाएको छ। कार्यक्रममा हेटौंडा अस्पतालका मेडिकल सुपरिटेण्डेन डा. रामचन्द्र सापकोटाले २०७६ सालबाट सुरु भएको कार्यक्रम कोभिड-१९ महामारीका कारण केही समय रोकिएर अहिले पुनः सञ्चालनमा आएको बताउनुभयो। मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रममा नसर्ने रोगहरु क्यान्सर, सुगर, प्रेसर जस्ता ७ प्रकारका स्वास्थ्य समस्याको उपचार गरिने जानकारी गराउनुभयो।

प्रतिष्ठानका शिक्षाध्यक्ष सुरेन्द्र शेरचनले विश्वमा नसर्ने रोगको बिरामी उल्लेख्य रुपमा बढेको र नेपालमा रहेका बिरामीमा ८० प्रतिशत बिरामी नसर्ने रोगको रहेको बताउनुभयो। नसर्ने रोगका कारण कारण धेरै मानिसले ज्यान गुमाउनुपरेकाले उपचारमा ल्याउन यस्तो कार्यक्रम ल्याएको बताउनुभयो।

जनताको स्वास्थ्यलाई मध्यनजर गर्दै मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम ल्याइएको स्वास्थ्य मन्त्रालयका सचिव बद्री बहादुर खड्काले जानकारी दिनुभयो। नेपालमा हाल ६६ प्रतिशत मानिस नसर्ने रोगले ग्रसित भएको जानकारी दिनुहुँदै सचिव खड्काले अहिले सरकारले २ हजार २ सय रुपैयाँ बराबरको प्याकेजमा बिरामीको स्वास्थ्य परीक्षण गर्ने र आगामी दिनमा यस्ता सेवा विस्तार एवम् सुधार गर्दै लैजाने बताउनुभयो।

# बुद्धचोकमा प्रहरी भ्यानले मोटरसाइकललाई ठक्कर दिएर भाग्यो

समाज संवाददाता

हेटौंडाः प्रहरीको भ्यानले हेटौंडा बजारको मुख्यचोक बुद्धचोकमा मोटरसाइकललाई ठक्कर दिएको छ। बुधबार साँझ तीव्र गतिमा आएको प्रहरीको भ्यानले विपरित दिशामा पुगेर तीनवटा मोटरसाइकललाई ठक्कर दिएको प्रत्यक्षदर्शीले जानकारी गराएको छ। प्रहरीको भ्यानले सर्वसाधारणको मोटर साइकलमा ठक्कर दिएर भागेको भन्दै स्थानीयले प्रदर्शन गरेका छन्।

प्रहरी भ्यानको ठक्करबाट हेटौंडा-५, गर्दोईका ४९ बर्षीय सुरेश बज्राचार्य र हेटौंडा-५, पिप्लेका ४५ बर्षीय मधु अर्याल घाइते भई उपचाररत हुनुहुन्छ। बज्राचार्यको हेटौंडा अस्पतालमा उपचार भइरहेको छ भने अर्यालको हेटौंडा अर्थोपेडिक अस्पतालमा उपचार भइरहेको छ। हेटौंडा अस्पतालबाट राप्तिरोड हुँदै बुद्धचोकतर्फ तीव्र गतिमा रहेको जिल्ला प्रहरी कार्यालयको भ्यानले मोटरसाइकललाई ठक्कर दिएको प्रत्यक्षदर्शीले बताएका छन्।

घटनाको विषयमा जानकारी लिन खोज्दा जिल्ला प्रहरी प्रमुख बामदेव गौतम र प्रहरी प्रवक्ता टेकबहादुर कार्कीको मोवाइल उठेन। मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले घटनाको विषयमा जानकारी प्राप्त भएको बताउनुभएको छ। घटनाको सत्यतथ्य बुझेर दोषीलाई कारवाही गरिने प्रमुख जिल्ला अधिकारी पाण्डेले जानकारी गराउनुभएको छ।

# चन्द्रोदय माविको अध्यक्षमा इवाकर मैनाली चयन

समाज संवाददाता

हेटौंडाः हेटौंडा-८, कमानेस्थित चन्द्रोदय माध्यमिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्षमा इवाकर मैनाली चयन हुनुभएको छ। बुधबार बिहान बसेको व्यवस्थापन समितिको बैठकले मैनालीलाई सर्वसम्मत अध्यक्ष चयन गरेको हो। गत माघ २८ गते नै अभिभावक भेला सम्पन्न भए पनि व्यवस्थापन समिति गठनमा भने ढिलाई भइरहेको थियो।

बुधबार बिहान विद्यालय व्यवस्थापन समितिको सदस्यमा अभिभावकमध्येबाट रिता श्रेष्ठ, ज्योति केसी, रामप्रसाद देवकोटा र कृष्णप्रसाद अर्जेल चयन गरिएको थियो। अभिभावकमध्येबाट व्यवस्थापन समिति सदस्य चयन भएपछि बसेको बैठकले समाजसेवी, शिक्षासेवीमध्येबाट इवाकर मैनाली र दुर्गा अधिकारीलाई विद्यालय व्यवस्थापन समितिको सदस्य चयन गरेको थियो। सदस्यमा मनोनित मैनालीलाई सर्वसम्मत अध्यक्ष चयन गरि एको विद्यालयका प्रधानाध्यापक जीधराज ढकालले जानकारी दिनुभयो।

विद्यालय व्यवस्थापन समिति गठनका लागि हेटौंडा उपमहानगरपालिकाको शिक्षा महाशाखाका अधिकृत रामचन्द्र खड्का विद्यालय व्यवस्थापन समिति गठन सहयोग समितिको संयोजकको रुपमा खटिनुभएको थियो। व्यवस्थापन समिति गठनको प्रक्रियामा वडा अध्यक्ष रामकृष्ण थापाको पनि उपस्थिति रहेको थियो। वडा प्रतिनिधिको रुपमा वडा अध्यक्ष थापा नै विद्यालय व्यवस्थापन समितिको सदस्यको रुपमा रहनुभएको छ। कक्षा १२ सम्म पठनपाठन हुने चन्द्रोदय माविमा एक हजार ५० विद्यार्थी अध्ययनरत छन्।

स्वादिष्ट नेवारी खाजा



अब

होटल बासुकला (फास्टफुड) मा

() स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं।

() नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं।

०५७-५२६०१३

इन्जिनियरिङ तथा आर्किटेक्चर सेवाका लागि

हामी छौं सुन्दर नगरी हेटौंडामा



घरको नक्सा, डिजाइन, घरको थ्रीडी, डीपीआर, आइईई, ईआइए, इन्जिनियरिङ्ग सर्भे, लागत अनुमान, मूल्यांकन, स्टील स्ट्रक्चर, सम्पूर्ण निर्माणको कार्य, मास्टर प्लान, सुपरभिजन, इन्टेरियर डिजाइनको कार्यहरुका लागि सम्झनुहोस्।

केवी ग्रुप अफ इन्जिनियरिङ प्रालि
हेटौंडा-२, नगरपालिकारोड
०५७-५२४६९४/९८४३०२८६३५

मकवानपुर सहकारी अस्पतालमा मनोचिकित्सक

मणिपाल कलेजबाट मानसिक स्वास्थ्य विषयमा एमडी गर्नुभई चितवन मेडिकल कलेजमा कार्यरत डा. उद्धव लामा यही हरेक महिनाको तेस्रो शनिबार मकवानपुर सहकारी अस्पतालमा आउनुहुँदैछ। मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएकाको स्वास्थ्य परीक्षण तथा उपचारका लागि अनुरोध गरिन्छ।

मकवानपुर सहकारी अस्पताल
हेटौंडा-१, भिन्तुनापथ
०५७-५२६५८७




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ